# GoodWeave

## गलैंचा उद्योगका निम्ति मापदण्ड विकास (**GoodWeave Generic Standard** ) को सार्वजनिक छलफलका लागि आधार पत्र

**परिचय**

हस्त निर्मित गलैंचा उद्योगमा प्रयोग गरिने अवैध बाल-श्रम समाप्त गर्ने कार्यस्वरुप सन् २००९ मा संचालन गरिएको GoodWeave TM तथा प्रमाणिकरण चिन्ह कार्यकमले RugMark International ( RMI ) को कार्यमा एउटा महत्वपुर्ण र नवीन चरणको शुरुवात गऱ्यो । बालसंरक्षण र सर्वस्वीकार्य गलैंचा तथा गलैंचा उत्पादन प्रबर्द्धनको १५ वर्ष पछि RMI ले RugMark "R' प्रमाणिकरण चिन्ह तथा प्रतिक चिन्ह लाई हटाई यसको मूख्य उद्देश्यलाई सुदृढ र समृद्ध तुल्याउने योजनालाई सो को ठाउंमा GoodWeave लेवलद्धारा प्रतिस्थापन गरेको छ । गलैंचा उद्योगका निम्ति नयाँ मापदण्ड (Generic Standard) को विकास नै यो परिवर्तनको चूरो पक्ष हो ।

GoodWeave को स्थापनाकाल (१) देखि नै दक्षिण एशियाली गलैंचा उद्योगमा प्रयोग गरिने गरेको बाल-श्रमको अवस्थालाई घटाउने कार्यमा महत्वपुर्ण प्रगति गर्दै आएको छ । बालश्रमिकको संख्यालाई शून्यमा झार्न, अन्य उद्योगहरुमा प्रयोग गरिने गरेको बालश्रम उन्मुलनलाई सहयोग पुऱ्याउनु र प्रत्येक बालकलाई विद्यालय जाने सुअवसर प्रदान गर्नू नै GoodWeave को परिकल्पना हो । बालश्रमको समस्या प्रौढहरुको कामको अवस्था र वातावरणीय हेरचाहको स्थिति संग सिधै सम्बन्धित भएको कुरा सर्वस्वीकार्य भइसकेको छ यद्यपी GoodWeave को परिकल्पना , संयुक्त राष्ट्रसंघको बालअधिकार अभिसन्धिमा उल्लेखित सिद्धान्तहरुद्वारा निर्देशित छ र त्यही नै कायम रहिरहने छ ।

---

१. सन् २००९ मा RMI लाई आफ्नो प्रमाणिकरण प्रतिक GoodWeave का रुपमा परिवितीत गरिएको हो । सन् २०१० मा संगठन पनि GoodWeave का रुपमा पुन पुकारिने छ तथा यस मजवूनको उद्येश्य प्राप्तीका लागि , प्रमाणिकरण प्रतिक एवं संगठनको सिलसिलामा GoodWeave नाम नै प्रयोग गरिने छ । श्रम विहिन कडा उद्धेश्य परिपुर्ति गर्ने कम्पनीहरुलाई विलक्षण र छुट्याउन सकिने खालका प्रमाणिकरण चिन्हहरु उनीहरुका गलैंचामा प्रयोग गर्नका निम्ति प्रदान गरिन्छ ।

यो सँगसँगै वितेको दशकभर पश्चिमि मुलुकका बजारहरुमा धेरै परिवर्तन हुन गएको छ । आपुर्ति आचारसंहितामा सामान्य ढंगले बृद्धि हुनुका साथै नैतिक मूल्य र मान्यताको प्रश्न समेत उपभोक्ता माझ निकै बढिरहेछ, जुनकुरा यसभन्दा पहिले यो रुपमा थिएन ।

गलैंचा बुन्ने समुदायहरुमा रहेका बाल-बालिकाहरु र परिवारहरु प्रति राम्रो सेवा पुऱ्याउने उद्देश्यले र परिवर्तित बजार स्थल अनुकुल आवश्यक पर्ने कुराहरु पहिचान गर्न GoodWeave प्रमाणिकरण प्रकृयाले मापदण्ड कायम गर्नका निम्ति नयाँ र संक्षिप्त मापदण्डको खाका तयार गरेको छ । बन्दै गरेको यो नयाँ मापदण्डमा उल्लिखित विषयहरु बढि सबल र पारदर्शी हुनेछन् जुन कामदार , उत्पादनकर्ता , आयातकर्ता , खुद्रा पसले , गैरसरकारी संस्था ( NGO ) र प्राविधिक योगदानकर्ताहरुसँग गरिने अन्तरकियाबाट परिष्कृत हुनेछ ।

## GoodWeave संचालन

बालश्रम विना तयार भएको थाहा पाएपछि यदि धेरै मानिसहरुले एकपछि अर्को गलैंचा खरिद गर्ने अठोट गर्दछन् भने खुद्रा व्यापारी र आयातकर्ताहरुले , उत्पादनकर्ता देशका उत्पादकहरुबाट केवल बालश्रम विना उत्पादीत गलैंचाको माग गर्नेछन् । यो नै परिवर्तनको GoodWeave को सिद्धान्त हो । त्यसले द्रुततर असर पार्ने छ, बजारमा एउटा "तीक्ष्ण विन्दु" ; GoodWeave को प्रमाणिकरण कार्यक्रममा व्यापार निम्ति हस्ताक्षर हुनेछन् किन कि उनीहरू प्रतिश्पर्धात्मक रुपमा रहन चाहन्छन तथा उनीहरुले बालश्रमलाई संबोधन गर्नुपर्ने आवश्यकताको पहिचान गर्दछन् । अर्को शब्दमा भन्नुपर्दा, बालश्रमबाट तयार गरिएका गलैंचाको मागलाई न्यूनिकरण गर्ने र त्यसको ठाउंमा विना बालश्रम तयार गरिएका र प्रमाणिकरण गरिएका गलैंचाहरुले तिनीहरुको स्थान ओगट्ने छन् ।

GoodWeave को पंचदेशीय संजाल जसले दुवै उत्पादक र उपभोक्ता ( स.रा.अ., स.अ.वे., जर्मनी , भारत र नेपाल ) देशमा संचालन गर्दछ र देहाय अनुसार आफ्नो उद्देश्य पूरा गर्दछ ;

### मापदण्ड निर्धारण

प्रमाणिकरण चिन्ह पछाडि GoodWeave ले मापदण्ड निर्धारण गर्दछ । वर्तमान मापदण्डको मूख्य आवश्यकता भनेको अवैध बालश्रमको अस्वीकृति हो । बालश्रम भनेको एउटा जटिल समस्या हो भन्ने कुराको एकिन गर्दै र यसलाई अलग रुपमा संबोधन गर्न सकिदैन भन्ने ठहर गर्दै वर्तमान समयमा GoodWeave को मापदण्ड विकास हुंदै गएको छ जसले अतिरिक्त मानवीय र पर्यावरणीय मापदण्डलाई समावेश गर्दछ ।

### निरिक्षण र प्रमाणिकरण

दक्षिण एशियाका निरिक्षकहरुले अधिकारप्राप्त उत्पादकहरुको विना सूचना आकस्मिक जांच गर्दछन् । GoodWeave सँग सहकार्य गर्ने र यसको बालश्रम विहिन मापदण्डीय उद्देश्य परिपुर्ति गर्ने कम्पनीहरुलाई विलक्षण र छुटयाउन सकिने खालका प्रमाणिकरण चिन्हहरु उनीहरुका गलैंचामा प्रयोग गर्नका निम्ति प्रदान गरिन्छ ।

### बालश्रमिकहरुको पुनःर्स्थापना र शिक्षा

GoodWeave का निरिक्षकहरुले अवैध बालश्रममा संलग्न बालबालिकाहरुलाई उद्धार गर्दछन्, त्यसपछि उनीहरुलाई पुनःस्थापना, शिक्षा र व्यावसायिक तालिम प्रदान गर्दै अन्त्यमा उनीहरुलाई काममा लगाउने गरिन्छ । संभव भएसम्म त्यस्ता बालबालिकाहरुलाई आफ्नो परिवारसित पुनर्मिलन गराईन्छ । आजसम्म GoodWeave ले ३,६०० भन्दा बढ्ता बाल-बालिकाहरुलाई गलैंचा बुन्ने तानहरुबाट छुटाएको छ तथा हजारौंको संख्यामा त्यस्ता स्थानहरुबाट सदाका लागि छुटाउने कार्य गरेको छ ।

### बालश्रमबाट बचाऊ

कामको जोखिममा रहेका बाल-बालिकाहरुका निम्ति दिवा स्याहार सेवा, लगायत गलैंचा बुन्ने बालबालिकाहरुलाई शिशु शिक्षा प्रदान गर्ने र विद्यालयहरुलाई सौजन्यतास्वरुप त्यस्ता बालबालिकाहरुलाई शिक्षा दिनका लागि प्रेरित गर्ने जस्ता थुप्रै कार्यहरु प्रत्यक्ष रुपमा गर्नुका साथै सबै तहका उत्पादक समुदायहरुलाई सचेतना कार्य गर्दै आएको छ ।

### बजार प्रवर्द्धन र बिस्तार

संयुक्त राज्य अमेरिका र यूरोपमा रहेको GoodWeave का कार्यालयहरुले GoodWeave चिन्ह टांसिएका र प्रमाणिकृत बालश्रममुक्त उत्पादनहरु लैजानका लागि आयातकर्ताहरु र खुद्रा पसलेहरुलाई प्रोत्साहित गर्ने तथा उपभोक्ता सचेतना अभियानहरु संचालन गर्ने कार्य गर्दछन् ।

### अन्तर्राष्ट्रिय नियन्त्रण र उत्तरदायित्व

उत्पादक र उपभोक्ता देशहरुबाट बनेको एउटा प्रतिनिधि परिषदले अन्तर्राष्ट्रिय संजाल र मापदण्डलाई नियन्त्रण गर्ने गर्दछ ।

GoodWeave अभियान अन्तर्गत हरेक उद्योगले आफ्नो सुसंचालन पूर्णरुपमा आफैं गर्नुपर्दछ र आफ्नै लगानिको नमूना प्रस्तुत गर्नु पर्दछ भन्ने विश्वास रहेको छ । आफ्ना गलैंचाहरुमा GoodWeave चिन्ह प्रयोग गर्ने आयातकर्ता निर्यातकर्ताहरुले प्रेषित गर्ने मालहरु निर्यात मूल्यको जम्मा १.२५ देखि २ प्रतिशत सम्म अधिकारपत्र

दस्तुरका रुपमा तिर्दछन् । यस्ता दस्तुरबाट प्राप्त हुने अधिकांश रकम दक्षिण एशियाका सामाजिक कार्यक्रमहरुको लगानीमा खर्च गर्ने गरिन्छ , बचेको रकम उपभोक्ता बिच सचेतना फैलाउने तथा बालश्रम मुक्त प्रमाणिकरणको माग हुने र उपलब्ध हुने बजारस्थलको विकास गर्ने कार्यमा खर्च गरिन्छ ।

**नयाँ मापदण्ड निर्धारण तथा प्रारम्भिक उपलब्धीहरु**

RMI ले सन् २००६ मा पहिलोपटक गलैंचा उद्योगकालागि एउटा नवीन अन्तराष्ट्रिय मापदण्डको आवश्यकता उपर खोज अनुसन्धान कार्य सुरु गरेको हो । त्यहाँ सम्ममा प्रमाणिकरण कार्यक्रम र चिन्हको नाम परिवर्तन गर्ने गरि GoodWeave नामाकरण गर्ने तथा भविष्यमा संस्थाको मापदण्ड र अवस्थितिमा नयाँ उत्पादनका क्षेत्रहरुमा समेत बृद्धि  गर्ने कुरालाई स्पष्ट गर्ने निर्णय गरिएको थियो । सन् २००७ मा भारत र नेपालमा गरिएको स्थलगत अनुसन्धानमा आधारित एउटा शोधपत्र का साथसाथै अन्य विद्यमान मापदण्डहरु माथि गरिएको डेस्क अनुसन्धानले देहायको निष्कर्ष निकालेको छ ।

→ गलैंचा उद्योग , अझैसम्म पनि धेरै क्षेत्रहरुमा , गोटा गन्तीका आधारमा ज्याला भुक्तानी दिने घरेलु उद्योगको रुपमा संचालित रहेको पाइयो तथा कुनै प्रकारको नियमित रोजगारीको प्रतिबद्धता कायम रहेको पाइएन ।

→ कुनै साना साना उत्पादक इकाइहरुमा व्यवस्थापन पद्धति वा अभिलेखन कार्यको संस्कार स्थापना भएको पाईएन जसको फलस्वरुप न्युनतम ज्याला भुक्तानीको निश्चित र सही सूचनाको अभाव भयो ।

→दक्षिण एशियामा गलैंचा उत्पादन कार्यबाट पुग्न गएका निश्चित सामाजिक र पर्यावरणिय असरहरुलाई संबोधन गरिने कुनैपनि अरु उपायहरु अवलम्बन गरेको पाईदैन, अझै अगाडी नोभेम्बर २००८ र मे २००९ का बीचमा नेपालका निर्यातकर्ताहरु का बीच एउटा नमूना आयोजना संचालन गरियो जसले देहायको निष्कर्ष निकाल्यो ।

–स्थलगत रुपमा नेपालसँग पर्याप्त रोजगार र पर्यावरणिय विधि निर्माण भएको पाईए ता पनि कार्यान्वयनमा सरकारी सकृयता भेटिएन । सरकारी मन्त्रालयहरुले स्वयंसेवी सहयोग र प्रोत्साहनहरुलाई स्वागत गरिने छ भन्ने खालका संकेत सम्म देखाए ।

–सामान्य पानी प्रशोधनका पद्धतिहरुको जानकारी मात्र ले पनि केहि हानीकारक निष्काशनहरु घटाउन सहयोग पुरयाउने छन । प्रारम्भीक चरणको एक पर्यावरणीय अध्ययनले मूख्य रुपले असर पुर्‍याउने क्षेत्र भनेको धुलाई र रंग कारखानाद्धारा निष्काशन हुने अम्लीय जल का कारण उच्चस्तरिय  biological oxygen demand BOD / chemical oxygen demand COD दरले पानीको गुणमापदण्डलाई क्षति पुर्‍याइरहेको देखाएको छ ।

–चर्को विद्युत कमिका कारण दुषित इन्धन प्रयोग गर्न वाध्य भएका बर्तमान उत्पादकहरुलाई थुप्रै संभाव्य कार्यस्थलहरुमा सौर्यशक्ति स्थापना गरि उनीहरुको क्षमता बृद्धि गर्न सकिने देखिन्छ । यसको निम्ति पनि अरु अनुसंधान गर्नुपर्ने आवश्यकता देखिन्छ ।

–स्पष्टरुपले भन्नुपर्दा, थप्रै बुनाइ ईकाईहरुमा विद्यमान कामदारहरु प्रतिको सामाजिक मापदण्ड सामान्यरुपमा न्युन नै छ, पुरै उद्योगले आधारभूत व्यवस्थापन पद्धतिका साथै कार्यहरुको उचित रेकर्ड,  व्यवसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी तालीमसम्बन्धी जानकारी राखे मात्र पनि ठुलो उपलब्धी हासिल गर्न सक्छ,

**नयाँ मापदण्ड**

नयाँ अन्तराष्ट्रिय मापदण्डका बिस्तृत उद्देश्यहरु देहायअनुसार निर्धारण गरिएका छन ।

१.हस्त निर्मित गलैंचा कारखानामा प्रयोग गर्ने गरिएको अवैध बालश्रमको अन्त्य गर्न र त्यस्ता बालबालिकाहरुलाई शैक्षिक अवसर प्रदान गर्ने ।

२.गलैंचा उत्पादन गर्ने कामदारहरुको जीवन, कामगर्ने अवस्थाहरु तथा समग्र उद्योग एवं त्यसको माध्यम द्धारा अर्थतन्त्रको प्रमूख क्षेत्रको रुपमा रहेको गलैंचा क्षेत्रलाई दिगो र समृद्ध राख्न  सकारात्मक प्रभाव पार्ने ।

३.कार्यक्रमका माध्यमद्धारा समुदायमा ल्याइने परिवर्तनलाई सुनिश्चित गर्न।

४.सबै गलैंचा उत्पादक देशहरुमा प्रयोगमा ल्याउन सकिने एउटै स्पष्ट र स्थिर मापदण्ड प्रदान गर्ने जसले उत्पादनका विविध विधिहरुको लेखाजोखा गर्न सक्छ ।

५.काम गर्ने अवस्थाको निगरानी र रेखदेखलाई पारदर्शि तुल्याउन सहजता प्रदान गर्ने ।

६.विश्वव्यापी गलैंचा उपभोक्ताहरुका लागि दृढ विश्वास प्रदान गर्ने ।

**प्रस्तावीत मापदण्डको खाका देहाय अनसार निर्धारण गरिएको छ ।**

अवैध बालश्रम प्रतिवन्ध, न्यनतम ज्याला भुक्तानी, पर्यावरण, स्वास्थ्य र सुरक्षा संबन्धी न्युनतम अवस्थाहरु , न्युनतम प्रवेश मापदण्डका अग्रगामी मापदण्ड हुन ।

अन्तराष्ट्रिय श्रम संगठन ILO ले तोकेको प्रमुख मापदण्डका सामान्य मान्यताहरु जुन सबै गलैंचा उत्पादकहरुका लागि लागु हुन सक्छन  तथा GoodWeave ले उद्योगका निम्ति पहिचान गरेका पर्यावरणिय मापदण्ड ।

उत्पादनको किसिममा भरपर्ने विशिष्तिकृत मान्यताहरु, उदाहरणका लागि कारखानाजन्य उत्पादन, गाऊँमा आधारित बुन्ने व्यक्तिहरु, बजार खरिद इत्यादी ।

गलैंचा उत्पादकहरुले निरन्तर सुधार गर्दै जानेछन भन्ने अपेक्षा ।

कामदारहरु र अन्यले तोकिएको मापदण्ड उल्लंघन भएको देखेमा उनीहरुले एकमतले शिकायत गर्न सक्ने शिकायत प्रणाली कायम गर्न अनुमति प्रदान गर्ने ।

मापदण्डको व्यापक उल्लंघन गरेको उद्योग फेला परेमा त्यस्ताले पालना गर्नपर्ने एउटा राष्ट्रियमापदण्डको समाधानको उपाय स्थापनाको परिस्थिति निर्माण गर्ने प्रणालीको विकास गर्नपर्दछ ।

**नयाँ प्रणालीलाई महत्वपूर्ण रुपले टेवा दिने प्रस्तावित सिद्धान्तहरु तल दिईए अनुसार छन ।**

१. बालश्रमको अनुमति दिइने छैन ।

२. बाध्यकारी वा बन्धनकारी श्रमलाई अनुमति दिइने छैन ।

३. सामुहिक सौदाबाजी र संघ संस्था खोल्ने स्वतन्त्रतालाई स्थापित गरिने छ ।

४. विभेदपूर्ण व्यवहार गर्ने अनुमति दिइने छैन ।

५. स्वच्छ काम गर्ने अवस्थाको सृजनालाई सम्मान गरिने छ ।

A कार्यस्थलको  अवस्था

B कामको ज्याला

C कार्य घण्टा

D कठोर वा अमानवीय व्यवहारमाथि प्रतिवन्ध

६.उत्पादनले उत्पन्न गर्ने नकारात्मक पर्यावरणिय असरहरु पहिचान गरि न्युनीकरण गरिने छ ।

७.व्यापारिक प्रकृयाहरु पारदर्शि र स्थानिय नियमसंगत हुनेछन ।

चालु मापदण्डका आधारमा उत्पादकहरुले उनीहरुका कारखानाहरु , उत्पादनस्थलहरु तथा सहायक ठेकेदारहरु, GoodWeave को स्थानीय कार्यालय संग समभ्रुदारी कायम गरि दर्ता गर्नेछन एवं सम्पूर्ण सुविधाहरुको प्रारम्भीक निरिक्षण कार्य सम्पन्न गरिने छ । निरिक्षणबाट संतोषजनक अवस्था पाईएमा उत्पादकलाई दर्ता गरिने छ तथा उनीहरुलाई GoodWeave चिन्ह प्रयोग गर्ने अनुमतिका निम्ति एउटा अधिकारपत्र संभ्रौतामा हस्ताक्षर गरिने छ । सम्पुर्ण अधिकारप्राप्तकर्ताहरुसंग निरन्तर निरिक्षण जारी राख्ने एक बैध प्रणाली संचालत गरिने छ । अधिकारप्राप्तकर्ता संग एक वार्षिक व्यवस्थापन समिक्षा गरिने छ । र त्यसको माध्यमद्धारा मापदण्ड निर्धारण मापदण्ड अनुकूल अधिकारप्राप्तकर्ताले प्रगति गरेको छ छैन सो सुनिश्चित गरिने छ । यी प्रगति विवरणहरु सम्पर्क व्यवस्थापकद्वारा व्यक्तिगत आधारमा समायोजन गरिने छ तथा कम्पनीको आकार र श्रोतहरुको लेखाजोखा समेत गरिने छ । यसको अतिरिक्त निरन्तर चालु रहेको कार्यका रुपमा कुनैपनि बालबालिकाले काम गरेको छैन भन्ने निश्चित गर्न छड्के निरिक्षण पनि गरिने छन्।

प्रारम्भमा यो नयाँमापदण्डको मापदण्ड GoodWeave कार्यान्वयन संगठनहरुका निम्तिमात्र प्रयोजन योग्य हुने छ भने पछि गएर यो गलैंचा उद्योगको निम्ति सामान्य अन्तराष्ट्रिय मापदण्ड कायम हुने छ । सबभन्दा राम्रो अत्तर्राष्टिय मापदण्डको मापदण्ड पुरा भएको छ  भन्ने  सुनिस्चित गर्नका लागि GoodWeave अन्तराष्ट्रिय सामाजिक तथा पर्यावरणिय मान्यता र चिन्ह  ISEAL को सह सदस्य हो भन्ने कुराको जानकारीबाट थाहा हन्छ । संलग्नता र नयाँ अन्तराष्ट्रिय मापदण्डको विकास संगै ISEAL अभ्यासका लागि निश्चित मापदण्ड निर्धारण संहिता पुरा गर्नका निम्ति संघर्षरत छ ।

हेरौ http//www.isealalliance.org/content/standard-setting code

<u>नयाँ मापदण्ड तर्फको प्रगति</u>

GoodWeave ले सन् २००७ देखि नयाँ मापदण्ड विकासतर्फ काम गरिरहेछ ।

१.सन् २००७ मा GoodWeave ले एउटा शोधपत्र तयार गऱ्यो र उपभोक्ता सेवा शुरु गऱ्यो । यसैलाई अनुशरण गर्दै नयाँ मापदण्डका लागि ढांचा र मापदण्ड प्रस्तुत गरिएका थिए । (माथि हेर्नुहोस )

२.सन् २००८ मा GoodWeave ले नेपालमा ७ वटा GoodWeave निर्यातकर्तासंग मिलेर एउटा नमुना अध्ययन तयार गऱ्यो । त्यस नमुना आयोजनाको अन्तिम नतिजा सन् २००९ को शरदमा प्रकाशित गरियो ।

३.GoodWeave सन् २००८ को जुनमा ISEAL Alliance सहायक सदस्य बन्यो तथा सन् २०११ जुन सम्ममा पुर्ण सदस्य हुने योजना बनाएको छ ।

४.सन् २००९ मा GoodWeave ले मापदण्ड निर्धारणका लागि नयां नीतिहरु विकसित गरियो ।

(क) संचालन प्रकृया GoodWeave मापदण्डको विकास ( ताजा कथन – http://www.goodweave.net/documents/13 को अनलाइनमा पाइन्छ , र

(ख) संचालन प्रकृया GoodWeave मापदण्डबृद्ध सिकायतहरु ( ताजा कथन – http://www.goodweave.net/documents/13 को अनलाइनमा पाइन्छ , र

५.सन् २००९ जुलाइमा GoodWeave ले नवीन GoodWeave चिन्ह प्रचलनमा ल्यायो ।

६.सन् २००९ नोभेम्बरमा मापदण्डविकास एवं उपभोक्ता परामर्श प्रकृया व्यावस्थापनका निम्ति GoodWeave ले एकजना कर्मचारी सदस्य नियुक्त गयो ।

| २००६ | २००७ | २००८ | २००९ |
|---|---|---|---|
| नयाँ मापदण्डका लागि प्रस्ताव | शोध एवं प्रारम्भिक मापदण्ड विकास | नमूना अध्ययन | नीति विकास |
| | | ISEAL प्रक्रिया | GoodWeave संचालन |

**२०१० मा देहायका कार्यहरु शुरु गरिएका छन् :**

१. नयाँ चिन्हका लागि मापदण्डीय विकास प्रकृया अघि बढाउन सन् २०१० जनवरीमा GoodWeave ले एउटा मापदण्ड समिति (SC) को स्थापना ग-यो । SC का सदस्य हरु , GoodWeave का सदस्यहरु सँग-सँगै उत्पादनकर्ताहरु लगायत् आयातकर्ता, खुद्रा पसले ,बालअधिकार संबन्धी स्वतन्त्र विज्ञ , प्रौढ कामदार र पर्यावरण क्षेत्रका महत्वपर्ण उपभोक्ताहरु मध्येबाट छानिएका थिए ।

२.फेब्रअरीमा , GoodWeave ले सार्वजनिक परामर्शका निम्ति एउटा मस्यौदा मापदण्ड तयार ग-यो र त्यसलाई GoodWeave Website – www.goodweave.net ) मा प्रकाशित ग-यो ।

३.पहिलो चरणको परामर्श मार्च ३ देखि मे १ सम्म संचालन गरियो जुन अवसरमा GoodWeave ले उपभोक्ता सेवा संचालन गऱ्यो र नयाँ मापदण्डका लागि सुझाव र टिप्पणिहरु संकलन गऱ्यो । यस अवसरमा ३०० भन्दा बढ्ता व्यक्तिगत सुझावहरु इच्छुक पक्षहरुबाट प्राप्त गरिएका थिए । सार्वजनिक छलफलबाट प्राप्त नतिजाको एक विवरण तयार गरिएको थियो जुन standard@goodweave.net मा सम्पर्क गर्दा प्राप्त हन्छ ।

४.मे मा सार्वजनिक छलफलको नतिजाको समिक्षा गऱ्यो तथा उपभोक्ताबाट प्राप्त सुझावमा आधारित हुँदै मस्यौदा मापदण्डलाई संशोधन गरियो ।

५.दोश्रो चरणको छलफल शरु भइसकेको छ ।

२०१० जनवरी फेब्रवरी मार्च अप्रिल मे जुन

| | | | | |
|---|---|---|---|---|
| मापदण्डीय समिति - sc_ | मस्यौदा मापदण्ड प्रकासन | प्रथम सार्वजनिक छलफल | क्अ को दोश्रो समिक्षा | मस्यौदा मापदण्ड संशोधन |

जुन अगस्त अगस्त सेप्टेम्बर

| | | | |
|---|---|---|---|
| दोश्रो सार्वजनिक छलफल | SC अन्तिम समिक्षा | सहयोगी कार्यक्रम विकास | मुल्यांकन र भविश्यमा हने शंसोधन |

<u>नयां मापदण्डको विकासमा अर्को कदम</u>

१. मापदण्ड समितिले दोश्रो सार्वजनिक छलफलको नतिजामाथि समीक्षा गर्न, अन्तिम संशोधन कार्यान्वयन गर्न तथा नयां मापदण्डपत्रमा हस्ताक्षर गर्ने कदम चाल्ने योजना ( अगस्त २०१० )

२. सबै GoodWeave उत्पादक देशहरुलाई नयां मापदण्डपत्रसित परिचित गराइने योजना ((२०१० को तेश्रो तीनमहिना)

३.विधिवत दर्ता गरिएका उत्पादकहरु र उनीहरुले नयाँ मापदण्डपत्रलाई आत्मसात गरे नगरेको जांच गर्ने भ्रमणका लागि एउटा स्वतन्त्र निरिक्षण संगठनको निर्माण निश्चित गर्ने योजना ( २०१० को चौथो त्रिमास )

४.नयां मापदण्डपत्र संगको प्रगति मुल्यांकन, संगसंगै निर्यात/उत्पादक र आयातका उपभोक्ता देशहरु दवैमा नयां मापदण्डको प्रभावको वार्षिक कार्य समिक्षा मुल्यांकनले तलका पक्षमा दृष्टि दिने छ ।

(क) नयां चिन्हले मान्यता प्राप्त गरेको हिस्सा,
(ख) उद्योगमा नयां मापदण्डको प्रयोगबाट भएको प्रगति,
(ग) नयां मापदण्डको उच्चतम मापदण्ड पुरा गर्दा उत्पादकद्वारा प्राप्त प्रगति,
(घ) पूरै उद्योगको कामको अवस्थामा प्राप्त सामान्य परिर्वतन,
(ङ) अरु उत्पादक देशहरुसम्म नयाँ मापदण्ड प्रयोगमा विस्तारमा चाख, र
(च) उपभोक्तहरु बिच GoodWeave चिन्ह वारे ज्ञान ।

५. प्रत्येक GoodWeave उत्पादक देशले अन्तराष्ट्रिय मापदण्डमा राष्ट्रिय परिस्थिति अनुकूल फेरबदल ल्याउने प्रस्ताव , यसलाई लागु गर्न कोशिस गर्दा प्राप्त अनुभवका आधारमा अघि सार्न सक्दछ । ( २०११)

६. ISEAL Alliance को पूर्ण सदस्य बन्ने ( जुन २०११)

७. SC ले नियमित कार्यसम्पादन गर्ने र मापदण्डलाई सामयिकिकरण गर्ने कार्य गर्दछ । - शुरुमा ६ महिना र पछि प्रत्येक २ वर्षमा )

<u>सार्वजनिक छलफलका निम्ति</u>

इच्छुक पक्षहरुले विद्युतिय संचार माध्यमद्धारा आफ्ना टिप्पणिहरु प्रस्तुत गरेर छलफका निम्ति योगदान पुऱ्याउन सक्नेछन् - www.goodweave.net, इमेल standard@goodweave.net वा कनै पनि GoodWeave उत्पादक वा आयातकर्ता देशमा रहेको GoodWeave कार्यालयमा सम्पर्क गरेर पठाउन सकिने छ । प्रतिक्रियाको साथै मस्यौदा मापदण्डको विषय माथि गरिने टिका टिप्पणिलाई प्रोत्साहन दिइन्छ ।